नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
## (LGCDP-II/ TSNGP)
कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ७४/७५
चलानी नं: ४०८

बबरमहल, काठमाण्डौ

मिति: २०७५/०३/२४

श्री महा/ उपमहा/ नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै)

विषय: **सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता सम्बन्धमा**

सबै गाउँपालिका तथा नगरपालिकाहरुमा सूचना प्रविधि अधिकृत व्यवस्था गर्न यस कार्यक्रमको चालु आ.व. ०७४।७५ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेवा करार गरी काम काज गरिरहेका सूचना प्रविधि अधिकृतको सेवा अवधि यसै आर्थिक वर्ष (२०७४/७५) को अन्त्य सँगै पूरा हुने भएको छ | साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको अवधि समेत २०७५/०३/३१ मा समाप्त हुने र प्रस्तावित नयाँ कार्यक्रमको शुरुवात गर्नु पूर्वको तयारी गर्ने प्रयोजनका लागि मात्र यस कार्यक्रमको अवधि २०७५/०९/१६ सम्मका लागि थप गरिएको छ |

यसै सन्दर्भमा तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको अवधि आगामी २०७५ श्रावन १ देखि थप ६ महिनाका लागि करार निरन्तरताका लागि विकास साझेदारहरुसंग समन्वय भईरहेको र उक्त अवधिका लागि यस कार्यक्रम र तहाँ कार्यालयको लागत साझेदारीमा निजहरूको सेवा करारलाई निरन्तरता दिने व्यवस्था भए बमोजिम तहाँबाट कूल लागतको कम्तिमा २५% बजेट व्यवस्था गर्नु हुन निर्णयानुसार अनुरोध छ |

(भेष राज खनाल)
प्रशासकीय अधिकृत

फोन नं: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं: ९७७-०१-४२५६२४८, ईमेल: mail@lgcdp.gov.np, वेब पेज: www.lgcdp.gov.np